# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, पुस २९ गते २०४२ साल ( संख्या ३९

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

ऋण तथा जमानत ऐन, २०२५ को दफा ५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको जमानतमा नेपाल दूर संचार संस्थानलाई सिटी बैंक सिंगापुरबाट ऋणस्वरूप उपलब्ध गराएको यू.एस. डलर ५०,००,०००।– (पचास लाख) ऋणमा श्री ५ को सरकार जमानत बसे वापत श्री ५ को सरकारलाई बुझाउनु पर्ने कमिशन पूर्णरूपले छुट दिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको सूचना

झापा जिल्लास्थित मोरङ क्यानिङ्ग कम्पनी प्रा. लि. उद्योगको नाउँमा दर्ता रहेको कसैको मोहियानी हक नभएको उद्योगको आफ्नै भोग चलनमा रहेको देहायबमोजिम-को जग्गामा उद्योगको काममा रहेसम्मकोलागि निम्न शर्त पालना गर्ने गरी भूमिसम्बन्धी ऐन,२०२१ को दफा १२(ङ) बमोजिम हदबन्दीमा छुट दिने गरी श्री ५ को सरकारको निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

हदबन्दी छुट दिएको जग्गाः– झापा जिल्ला पाराखोपी गा.पं.वार्ड नं. १ को कि.नं. ०१३ को ०–०–१५, ऐ.ऐ. को कि.नं. ०१४ को ०–८–०, ऐ.ऐ. को कि.नं.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।